बैठक संख्या:१३

आज मिति २०८०।०३।०८ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री साहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

बैठक मिति :२०८०।०३।०८

निर्णयहरु :

१. आगामी आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा ।

शिवराज नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गरी आवश्यक संसोधन तथा परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

२. आगामी आ.व.२०८०/०८१ को आर्थिक विधेयक सम्वन्धमा।

स्थानीय राजश्व परामर्श समितिबाट शिवराज नगरपालिकाको आगामी आ.व.२०८०/०८१ को लागि स्थानीय राजश्वका दर र दायरा निर्धारण गरी पेश भई आएको शिवराज नगरपालिकाको आर्थिक विधेयक,२०८० को मस्यौदा उपर छलफल गरियो ।छलफल पश्चात आवश्यक संसोधन तथा परिमार्जन सहित स्वीकृतिको लागि विधेयकको रुपमा नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. आ.व.२०८०/०८१ को विनियोजन विधेयक सम्वन्धमा ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आ.व.२०८०/०८१ को लागि शिवराज नगरपालिकाको अनुमानित आय तथा प्रक्षेप्ति क्षेत्रगत व्यय निर्धारण गरी पेश भई आएको शिवराज नगरपालिकाको विनियोजन विधेयक,२०८० को मस्यौदा उपर छलफल गरियो ।छलफल पश्चात आवश्यक संसोधन तथा परिमार्जन सहित स्वीकृतीको लागि विधेयकको रुपमा नगरसभामा पेश गर्ने निर्णय गरियो।

४. आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम सम्वन्धमा ।

शिवराज नगरपालिका द्वारा आगामी आ.व.२०८०/०८१ मा संचालन हुने आयोजना तथा कार्यक्रम छनौटको लागि बस्ती,टोल,वडा हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको शिवराज नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को बार्षिक बजेट तथा कार्यक्रम माथि छलफल गरियो।छलफल पश्चात आवश्यक संसोधन तथा परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

५. शिवराज नगरपालिकाको सहकारी नियमावली सम्वन्धमा ।

शिवराज नगरपालिकाको सहकारी क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विधेयक समितिबाट पेश भई आएको शिवराज नगरपालिकाको शहकारी नियमावली,२०८० को मस्यौदा उपर छलफल गरियो । छलफल पश्चात आवश्यक संसोधन तथा परिमार्जन सहित स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८०।०३।०८

६. ठेक्का सम्झौता रद्ध गर्ने सम्वन्धमा ।

चालु आ.व.२०७९/०८० को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत यस नगरपालिकाको वडा नं.९ मा शिवराज आधारभूत विध्यालयदेखि अधिकारी टोल पुन टोल हुँदै थारुवास सम्म मोटरबाटो निर्माण योजनाको ठेक्का बन्दोवस्त भएकोमा उक्त योजना कार्यान्वयनको चरणमा स्थानीय नागरिक र वन कार्यालयबाट बारम्बार अवरोध भएको भनि आयोजना निर्माणको जिम्मा पाएको निर्माण व्यवसायी श्री प्रभुनाथ कन्सट्रक्सन प्रा.ली.ले लिखित निवेदन दिएको र सो सम्वन्धमा आवश्यक सहजिकरण गरिदिनुहुन भनि डिभिजन वन कार्यालय जलैंया र डिभिजन वन कार्यालय कपिलवस्तु (गौतम बुद्ध) लाई अनुरोध सहित पत्राचार गरिएता पनि आयोजना कार्यान्वयमा कुनै सहजिकरण नभएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ को उपदफा २(ख) अनुसार हाल सम्म भए/गरेको कार्यको मूल्याङ्कन गरी भुक्तानी दिई सुविस्ताको आधारमा उक्त ठेक्का सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

७. विभिन्न प्रतिवेदनहरु स्वीकृत गर्ने सम्वन्धमा ।

शिवराज नगरपालिका मार्फत चालु आ.व.२०७९/०८० मा तयार गरिएका देहायबमोजिमका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. शिवगढी स्वास्थ्य चौकी भवनको विस्तृत आयोजना प्रतिवेदन (DPR)
२. खैरी ताल सौन्दर्यकरणको विस्तृत आयोजना प्रतिवेदन (DPR)
३. ११ नं. वडा कार्यालय भवनको विस्तृत आयोजना प्रतिवेदन (DPR)
४. कन्चनिया खोला तथा जवई खोला सिचाई आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR)
५. शिवराज नगरपालिकाको क्षमता विकास योजना,२०८०
६. शिवराज नगरपालिकाको राजश्व सुधार योजना,२०८०
७. दिगो विकास लक्ष्य हाँसिल गर्न शिवराज नगरपालिकाको स्थानीय विकास र सेवा प्रवाह कार्यढाँचा,२०८०

८. आंशिक स्वयम सेवक शिक्षक दरवन्दी सम्वन्धमा।

नगर शिक्षा समितिको सिफारिस बमोजिम कक्षा ११ र १२ संचालित सामुदायिक माध्यामिक विध्यालयहरुमा देहायबमोजिम आंशिक स्वयमसेवक शिक्षक दरवन्दी कायम गरी दरवन्दी अनुसारका स्वयमसेवक शिक्षक नियमानुसार नियुक्ती गर्न सम्वन्धित विध्यालयहरुलाई अख्तियारी दिने निर्णय गरियो ।

| क्र.सं. | विध्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा | कायम गरिएको आंशिक स्वयमसेवक शिक्षक दरवन्दी |
|---|---|---|---|---|
| १. | श्री नेपाल आदर्श माध्यमिक विध्यालय, शिवपुर | १ | ०-१२ | १४ |
| २. | श्री समयथान माध्यमिक विध्यालय, खरेन्द्रपुर | ३ | ०-१२ | ९ |
| ३. | श्री राष्ट्रिय माध्यमिक विध्यालय, चन्द्रौटा | ५ | ०-१२ | ६ |

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४. | श्री त्रिभुवन आदर्श माध्यमिक विध्यालय, पिपरी | ६ | ०-१२ | ५ |
| ५. | श्री जनचेतना सामुदायिक माध्यमिक विध्यालय, लक्ष्मणपुर | ८ | ०-१२ | ४ |
| ६. | श्री प्रकाश माध्यमिक विध्यालय, सुन्दरीडाँडा | ९ | ०-१२ | ३ |
| ७. | श्री रंगीलाल माध्यमिक विध्यालय, सडवा | ११ | ०-१२ | ५ |
| जम्मा | | | | ४६ |

९. शिवराज नगरपालिका नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन,ओसार पसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उध्योग व्यवस्थापन सम्वन्धि कार्यविधि,२०७७ मा संसोधन सम्वन्धमा ।

शिवराज नगरपालिका नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उध्योग व्यवस्थापन सम्वन्धि कार्यविधि,२०७७ को परिच्छेद ७ को दफा १९ (४) मा संसोधन गरी नदीजन्य पदार्थको चोरी निकासीमा लगाईने दण्ड जरिवाना आर्थिक ऐन बमोजिम हुने गरी भन्ने वाक्यांश राखी संसोधन गर्ने निर्णय गरियो ।

१०. निर्णय कार्यान्वयन सम्वन्धमा ।

गत विगत आर्थिक वर्षहरुमा यस नगरपालिका अन्तर्गत विभिन्न पूर्वाधार निर्माण आयोजनाहरु निर्माणको लागि ठेक्का सम्झौता भई समयमा कार्य सम्पन्न नगरेका निर्माण व्यवसायी फर्महरुको सम्वन्धमा मिति २०८०।०१।१९ को मूल्याङ्कन समितिको निर्णयानुसार प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

११. कभर्ड हल निर्माण आयोजना सम्वन्धमा ।

डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमवुद्ध) अन्तर्तग शिवपुर सब-डिभिजन वन कार्यालय कपिलवस्तुको च.नं.४२६,मिति २०८०।०३।०६ को पत्र सम्वन्धमा कार्यपालिकाको ध्यानाकर्षण भयो ।

सो सम्वन्धमा शिवराज न.पा.५ स्थित कभर्ड हल निर्माण आयोजना कार्यान्वयन गर्दा कुनै वन जंगलको फडानी नगरिएको साथै आयोजना प्रदेश सरकारबाट हस्तान्तरित भई आएकोले जग्गाको प्रकृतीको विषयमा प्रदेश सरकारबाट यकिन हुनुपर्ने व्यहोरा शिवपुर सब-डिभिजन वन कार्यालय कपिलवस्तुलाई अनुरोध गर्ने र हाल सम्म उक्त कभर्ड हल निर्माण आयोजनामा भएको कार्यको प्राविधिक विल बमोजिमको रकम उपभोक्ता समितिलाई भुक्तानी दिई उक्त योजना सम्झौता रद्ध गर्ने निर्णय गरियो।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख